**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०६ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- बंगालका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले आज अनि आगामी 8 सेप्टेम्बरको दिन कोलकातामा दुई महत्वपूर्ण बैठक बोलाउनु भएको छ।

- शिक्षक भर्ती घोटाला मामिलामा बंगालका मन्त्री चन्द्रनाथ सिन्हाले आज कोलकाताको विशेष प्रवर्तन निदेशालय अदालतमा आत्मसमर्पण गर्नु भएको छ।

- पश्चिम बंगाल सरकारले १५ वर्षभन्दा पुराना सरकारी वाहनहरू चरणबद्ध रूपमा हटाउने प्रक्रिया सुरु गरेको छ।

- जीटीए स्तरीय अन्तर महाविद्यालय कविता प्रतियोगितामा खरसाङ कलेजले प्रथम स्थान प्राप्त गरेकी छन्|

- मौसम विभागले दार्जिलिंग अनि कलेबुंग जिल्लाहरुमा आगामी दुइ दिन सम्म तापमान सामान्यदेखि माथि रहने संकेत दिएको छ|

**<u>बंगाल निर्वाचन बैठक</u>**

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले आज अनि आगामी 8 सेप्टेम्बरको दिन कोलकातामा दुई महत्वपूर्ण बैठक गर्नु हुनेछ। यी दुई बैठकपछि उहाँले मुख्य चुनाउ आयुक्त ज्ञानेश कुमारसित दिल्लीमा हुने बैठकमा सामेल हुनेछन्। यस राष्ट्रिय बैठकमा सबै राज्यका मुख्य निर्वाचन अधिकारीहरू सामेल हुनेछन् जसमा विशेष गहन पुनरीक्षण प्रक्रियामाथि चर्चा गरिनेछ। मुख्य निर्वाचन अधिकारीद्वारा 6 सेप्टेम्बरमा पहिलो बैठक बोलाइएको छ जसमा सीईओ कार्यालयका वरिष्ठ अधिकारीहरू उपस्थित रहनेछन्। 8 सेप्टेम्बरमा हुने दोस्रो बैठकमा राज्यका सबै जिल्लाधिकारीहरूलाई बोलाइएको छ। जिल्लाधिकारीहरूले नै जिल्ला निर्वाचन अधिकारीको रूपमा दायित्व निर्वाह गर्नेछन्। यी दुवै बैठकबाट पश्चिम बंगालमा विशेष गहन पुनरीक्षक लागू गर्ने तयारीको मूल्यांकन गरिनेछ। सीईओ कार्यालय सूत्रको बयान अनुसार, यी चर्चाहरूबाट राज्यमा तयारीहरूको स्पष्ट तस्वीर सामु आउनेछ। यसैको आधारमा सीईओ मनोज कुमार अग्रवालले दिल्लीमा मुख्य चुनाउ आयुक्तको बैठकमा आफ्नो रिपोर्ट अनि सुझाउ राख्नु हुनेछ। पश्चिम बंगालमा यस विशेष गहन पुनरीक्षणलाई लिएर राजनीतिक विवाद पनि सामु आएको छ। मुख्यमन्त्री ममता ब्यनर्जी तथा सत्तारुढ़ तृणमूल कंग्रेसले यस प्रक्रियाको विरोध गर्नु भएको छ। उहाँले यसको उदेश्य अप्रत्यक्ष रूपमा एनआरसी र सीएए लागू गर्नु रहेको बताउनु भएको छ। अर्को तर्फ भारतीय जनता पार्टीले, तृणमूल कंग्रेसले पुनरीक्षणबाट ठूलो संख्यामा अवैध रोहिंग्या र बंगलादेशी अनुप्रवेशकारीहरूको नाम मतदाता सूचीबाट मेटिन सक्ने कारणले तृणमूल कंग्रेसले यस प्रक्रियाको विरोध गरिरहेको दाबी गरेको छ।

**<u>शिक्षक भर्ती घोटा</u>**

शिक्षक भर्ती घोटाला मुद्दामा पश्चिम बंगालका जेल तथा सूक्ष्म, लघु एवं मध्यम उद्योग मन्त्री चन्द्रनाथ सिन्हाले आज कोलकाताको विशेष प्रवर्तन निदेशालय अदालतमा आत्मसमर्पण गर्नु भएको छ। अदालतले हिरासतको लागि ईडीको माग अस्वीकार गर्दै मन्त्रीलाई सशर्त जमानत दिएको छ। प्रवर्तन निदेशालय (ईडी) ले हालै वीरभूमको बोलपुरबाट तृणमूल कांग्रेसका

विधायक तथा मन्त्री चन्द्रनाथ सिन्हा विरुद्ध आरोपपत्र दायर गरेको थियो। मुद्दाको अर्को सुनुवाइ १६ सेप्टेम्बरमा हुनेछ। यसअघि, ईडीले बोलपुरमा सिन्हाको निवासमा छापा मारेर ४१ लाख नगद बरामद गरेको थियो। चन्द्रनाथ सिन्हा, शिक्षक भर्ती घोटालामा कारबाही गरिएको ममता बनर्जी सरकारका दोस्रो मन्त्री हुन्।

## सरकारी वाहन

पश्चिम बंगाल सरकारले १५ वर्षभन्दा पुराना सरकारी वाहनहरू चरणबद्ध रूपमा हटाउने प्रक्रिया सुरु गरेको छ। मुख्यमन्त्री ममता बनर्जीको निर्देशनमा, लगभग २२ हजार वाहनहरू खारेज गर्ने निर्णय गरिएको छ। यसमा लगभग ७०० पुलिस वाहनहरू पनि समावेश छन्। सरकारले यी वाहनहरूको सट्टा नयाँ विद्युतीय वाहनहरू खरीद गर्ने योजना बनाएको छ। परिवहन विभागका एक अधिकारीले भन्नु भयो प्रत्येक विभागबाट पुराना वाहनहरूको विवरण, जस्तै वाहन नम्बर अनि दर्ता नम्बर, माग गरिएको छ। खारेज गरिने वाहनहरूमा ६९८ पुलिस वाहन, ४८१ परिवहन विभागका वाहन र विभिन्न सरकारी उपक्रमका ७१० वाहनहरू समावेश छन्। यसबाहेक, पञ्चायत, लोक निर्माण, जनस्वास्थ्य र प्राविधिक विभाग लगायत अन्य विभागका लगभग १९,७९३ वाहनहरू पनि खारेज गरिनेछ।

## कविता प्रतियोगिता

जीटीए स्तरीय अन्तर महाविद्यालय कविता प्रतियोगितामा खरसाङ कलेजले प्रथम स्थान प्राप्त गरेको समाचार प्राप्त भएको छ।

***देशबन्धु जिल्ला पुस्तकालय एवं जीटीएको संयुक्त आयोजनामा 'सार्वजनिक पुस्तकालय दिवस 2025 को अवसरमा नेपाली र अङ्ग्रेजी दुवै भाषामा स्वरचित कविता प्रतियोगिता आयोजित गरिएको थियो। जीटीए क्षेत्रका महाविद्यालयहरूले यस प्रतियोगितामा अंश ग्रहण गरेका थिए जसमा खरसाङ कलेजबाट अङ्ग्रेजी र नेपाली भाषामै चारजना विद्यार्थीहरूले भाग लिएका थिए। प्रतियोगिताको अन्तिम फाइनल राउण्डमा खरसाङ कलेजकी प्रशन्नता छेत्रीले दार्जिलिङ सरकारी महाविद्यालय र बिजनबारी डिग्री कजेजका प्रतिस्पर्धीहरूलाई पछाडि पार्दै प्रथम स्थान ओगट्न सफल भएकी छन्। विद्यार्थीको सफलतामा कलेजका प्राचार्य समीर बलले आयोजक समिति र प्रतियोगी प्रशन्नता छेत्रीलाई बधाई दिनु भएको छ।***

## कंग्रेस र्‍याली

चुनाउ आयोग तथा भाजपाको षड्यन्त्र अनि मतदाता गहन समीक्षा एसआईआर –को विरोध जनाउँदै आज दार्जीलिङ जिल्ला कंग्रेसले सिलगढ़ीमा र्‍याली निकाल्यो। यो र्‍याली सिलगढ़ीको बाघाजतीन पार्कदेखि विवेकानन्द भवन मल्लागढ़ीसम्म निकालिएको थियो। यस विरोध र्‍यालीको नेतृत्व पश्चिम बंगाल प्रदेश कंग्रेस समितिका अध्यक्ष शुभङ्कर सरकारले गरेका थिए भने र्‍यालीमा बंगाल प्रदेश कंग्रेस समितिका उपसभापति डा. मुनिष तामङ लगायत राज्य र उत्तर बंगालका विभिन्न जिल्लाका पार्टी नेतृत्व एवम् कार्यकर्ताहरूको सहभागिता रहेको थियो।

## भाजयुमो नयाँ जीएसटी

भारतीय जनता पार्टीका युवा एकाइ दार्जीलिङ जिल्लाले नयाँ जीएसटी प्रस्तावलाई हार्दिक स्वागत गरेको छ| दार्जीलिङ जिल्ला भाजयुमो उपाध्यक्ष सुपेन्द्र प्रधानले अत्यावश्यक वस्तुहरूमा जीएसटी छुटले दैनिक उपभोग्य वस्तुहरूको किफायती उपलब्धता सुनिश्चित गरी सीमान्तकृत समुदायको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने बताउनु भएको छ। उहाँले सरलीकृत कर संरचनाले अनुपालन लागत घटाएर र व्यवसाय गर्न सजिलो बनाउँदै ग्रामीण अर्थतन्त्रको मेरुदण्ड, साना व्यवसायहरू र एमएसएमईहरूलाई अझ सशक्त बनाउने आज एउटा प्रेस विज्ञप्तिमा बताउनु भएको छ|

## शिक्षारत्न पुरस्कार

डुवर्सको नगरकट्टा ब्लक अन्तर्गत घासमरी स्टेट प्लान प्राथमिक विद्यालयका प्रधानाध्यापक शुभजीत दत्तलाई प्रतिष्ठित शिक्षारत्न पुरस्कारद्वारा सम्मानित गरिएको छ। ४ सितम्बरको दिन शिक्षक दिवसको अवसरमा कोलकातामा आयोजित एउटा कार्यक्रमबीच राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीको उपस्थितिमा शिक्षा विभागद्वारा यो सम्मान शिक्षक दत्तलाई दिइयो। पुरस्कार प्राप्त गरेपछि श्री दत्तले आफ्नो यो सम्मान आफ्ना विद्यार्थी, आफ्ना सहकर्मीहरू अनि गाउँलेहरूलाई समर्पित रहेको बताउनु भयो।

**कबिता संग्रह बिमोचन**

नेपालको सुर्यदय नगरपालिका सभाहल फिक्कलमा दिपेन्द्र आचार्यको कबिता संग्रह 'व्यापार पृथ्वीको' भव्यताका साथ बिमोचन गरियो। समाज अनि दर्शनको व्यापकता रहेको किताबमा वर्तमान वैश्विक परिस्थितिलाई दर्शाउन खोजिएको छ। समारोहको अध्यक्षता सुर्योदय गजल मंचका अध्यक्ष योगनिधि भट्टराईले गर्नु भएको थियो भने प्रमुख अथितिको रुपमा साहित्यकार कृष्ण बराल उपस्थित हुनु हुन्थ्यो। कार्यक्रममा नेपाल अनि भारतका साहित्यकारहरुको उपस्थिति रहेको थियो।

**सिलगड़ी**

सिलगुड़ी मा नौ औ कक्षाको एक छात्राको रहस्यमय स्थितिमा मृत्यु भएको मामला आज बिहान अघि आएको छ। घटना सिलगुड़ीको कदमतला बीएसएफ कैंप नजिक भएको बताइएको छ। छात्रा बीएसएफ स्कूल मा नौ औ कक्षा मा अध्यनरत रहेको बताइएको छ। सूत्र अनुसारए आज बिहान छात्रालाई रक्तरंजित अवस्था मा भेटाइए पछि तुरून्तै उत्तर बंगाल मेडिकल कॉलेज एवं अस्पताल लगियो जहां चिकित्सकहरुले छात्रालाई मृत घोषित गरे। पुलिसले घटना को जांच शुरू गरिदिएको छ।

**सौरेनी पन्चायत भवन**

सौरेनी ग्राम पन्चायत एकको नवनिर्मित कार्यालय भवन उद्घघाटन आज गरिएको छ। उद्घाटन कार्यक्रममा मिरिक खण्ड विकास अधिकारी आकाश दीप, जीटीए स्वास्थ एंव जनकल्याण विभागका कार्यकारी सभासद अरूण सिग्ची, मिरिक पन्चायत समिति सदस्यहरू उपस्थित थिए।

***ग्राम पन्चायत प्रधान अनिता राईले पहाडमा 23 बर्षपछि पन्चायती ब्यवस्थाको पुनर्वाहाली भएपछि ग्राम पन्चायतबासीलाई सुविधा भएको जानकारी गराँउनुहुदै नयाँ पन्चायत कार्यालय भवनको निर्माणले ग्राम पन्चायतबासीलाई पन्चायत सम्बन्धि कार्य गर्न सुविधा हुनेछ बताउनु भएको छ।***

**मौसम**

मौसम विभागले उत्तर बंगाल मा आगामी दुइ दिन सम्म तापमान सामान्यदेखि माथि रहने संकेत दिएको छए जस पछि तापमानमा विस्तारै कमी आउनेछ। यद्धपी क्षेत्र मा गरजन साथ हल्का देखि मध्यम वर्षा बनी रहने संभावना पनि विभागले व्यक्त गरेको छ। विशेष गरी दार्जीलिङ्ग अनि कालेबुङ्ग साथै अलीपुरद्वार अनि जलपाईगुड़ी मा भारी वर्षा हुन सक्ने आशंका मौसम विभागले व्क्त गरेको छ। दार्जिलिंग, कालिम्पोंग अनि कूचबिहार मा एक-दुइ दिनको लागि भारी वर्षा संभव रहनेछ। धैरै स्थानहरुमा ३० देखि ४० किलोमीटर प्रति घंटाको गतिले हावा चल्न पनि सक्नेछ। पर्वतीय एवं संवेदनशील क्षेत्र हरुका लागि विभागले सतर्कता अलर्ट पनि जारी गरेको छ।